**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १० मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले भन्नु भएको छ - निर्वाचन आयोगले मतदाताहरूलाई धम्की दिने खालका घटनाहरूलाई कसैगरि पनि सहन गरिने छैन।

- पश्चिम बंगालका पाँच राज्यसभाका सीटहरूमा टीएमसीका चार र भाजपा का एक उम्मेदवार निर्विरोध निर्वाचित।

- केन्द्र सरकारको तेल प्रशोधन केन्द्रहरूलाई एलपीजी उत्पादन बढाउन र घरेलु प्रयोगको लागि अतिरिक्त ग्यास उपलब्ध गराउने निर्देश।

- प्रधानमन्त्री नरेन्द्र मोदी भोलि केरला र तमिलनाडुको भ्रमणमा जानुहुने।

- नेपालमा, प्रत्यक्ष मतदान - प्रथम पास्ट -द -पोस्ट प्रणाली अन्तर्गत 165 सिटको मतगणना सम्पन्न भएको छ, र समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत मतगणना जारी छ।

<u>सर्वोच्च न्यायलय - पश्चिम बंगाल SIR</u>

सर्वोच्च न्यायलयले आज पश्चिम बंगाल सरकार र निर्वाचन आयोगलाई राज्यमा मतदाता नामावलीको चलिरहेको विशेष गहन संशोधन (SIR) मा न्यायिक अधिकारीहरूलाई सबै सहयोग प्रदान गर्न निर्देशन दिएको छ। मुख्य न्यायाधीश सूर्य कान्त र न्यायाधीशहरू आर. महादेवन र जयमाल्य बागची को पीठ ले SIR प्रक्रियामा तैनाथ न्यायिक अधिकारीहरूले हालसम्म मतदाता सुचि बाट नाम हटाइएका विरुद्ध १० लाख १६ हजार आपत्ति र दावीहरूको सुनुवाइ गरिसकेको उल्लेख गरेको छ। पीठले आयोगको कुनै पनि प्रशासनिक अधिकारीले न्यायिक अधिकारीहरूको निर्णय पुनरावेदनमा समीक्षा गर्न नसक्ने बताएको छ। सर्वोच्च न्यायलयले उच्च अदालतका मुख्य न्यायाधीशले पुनरावेदन सुन्न पूर्व मुख्य न्यायाधीशहरू र उच्च अदालतका न्यायाधीशहरूको पीठ गठन गर्न सक्ने बताएको छ। अदालतले आयोगलाई SIR प्रक्रियामा न्यायिक अधिकारीहरूको निर्णय विरुद्ध पुनरावेदन सुन्न पुनरावेदन निकाय स्थापना गर्ने सूचना जारी गर्न निर्देशन दिएको छ। सर्वोच्च न्यायलय ले राज्यमा SIR अभ्याससँग सम्बन्धित धेरै याचिकाहरूको सुनुवाइ गरिरहेको थियो।

<u>मुख्य निर्वाचन आयुक्त: पश्चिम बंगाल</u>

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले निर्वाचन आयोगले मतदाता धम्कीका घटनाहरूलाई सहने छैन भनी बताउनु भएको छ | प्रमुख निर्वाचन आयुक्तले पश्चिम बंगालका सबै मतदाताहरूले हिंसा र धम्कीमुक्त वातावरणमा आगामी विधानसभा चुनावमा भाग लिने कुरा आयोगले सुनिश्चित गर्ने बताउनु भएको छ | चुनाव तयारी सम्बन्धी दुई दिने समीक्षा बैठकपछि आज कोलकातामा आयोजित पत्रकार सम्मेलनमा श्री कुमारले कानून प्रवर्तन एजेन्सीहरूलाई डर वा पक्षपात बिना कानून कडाइका साथ लागू गर्न निर्देशन दिइएको बताउनु भयो ।प्रमुख निर्वाचन आयुक्तले शान्तिपूर्ण र सहभागितामूलक चुनाव सुनिश्चित गर्न सहयोगको लागि मतदाताहरूलाई अपील गर्नु भयो। उहाँले मतदाता सूचीहरूको विशेष गहन संशोधन सम्पन्न हुन लागेको उल्लेख गर्नु भयो। उहाँले त्रुटिरहित मतदाता सूची लोकतन्त्रको आधारशिला भएकोमा जोड दिनुभएको छ |

**पश्चिम बंगाल र असम -राज्यसभा चुनाव**

पश्चिम बंगालका पाँच राज्यसभा उम्मेदवारहरूलाई आधिकारिक रूपमा उनीहरूको निर्वाचन प्रमाणपत्र हस्तान्तरण गरिएको छ। निर्वाचन प्रक्रिया पछिए तृणमूल कांग्रेसका बाबुल सुप्रियोए कोयल मल्लिकए राजीव कुमार र मेनका गुरुस्वामीए साथै भाजपा उम्मेदवार राहुल सिन्हालाई निर्विरोध विजयी घोषित गरिएको छ। यसै गरि

असममाए सत्तारूढ एनडीए गठबन्धनका तीन उम्मेदवारहरू राज्यसभामा निर्विरोध निर्वाचित भएका छन्। यी तीन उम्मेदवारहरू भाजपाका जोगेन मोहन र तेराश गोवाला र युनाइटेड पिपुल्स पार्टी लिबरलका प्रमोद बोरो हुन्।

**दार्जीलिङ जिल्ला स्तरीय प्रशिक्षण**

राज्यमा आगामी विधानसभा चुनाव २०२६ को तयारीहरूलाई लिएर दार्जीलिङ जिल्लामा जिल्ला स्तरीय प्रशिक्षण कार्यक्रम स्थानीय गोरखा रंगमंच भवनमा सम्पन्न भयो जसको उद्देश्य चुनावी प्रक्रियालाई निष्पक्ष, पारदर्शी अनि सुव्यवस्थित तरीकाले सम्पन्न गराउनु रहेको छ। प्रशिक्षण कार्यक्रम जिल्ला निर्वाचन अधिकारीको नेतृत्वमा सहायक निर्वाचन अधिकारी तथा चुनावी दायित्वहरूसित जुड़िएका अधिकारीहरूलाई निर्वाचन सम्बन्धी तकनीकि अनि प्रशासनिक जानकारी प्रदान गरियो। प्रशिक्षण अवधि अधिकारीहरूलाई मतदान प्रक्रिया , ईभीएमको संचालन , मतदाता सूची प्रबन्धन, आर्दश आचार संहिताको पालन तथा चुनाव अवधि सुरक्षा व्यवस्थाहरूसित सम्बन्धित महत्वपूर्ण बुदाँहरूमाथि विस्तापूर्वक जानकारी दिइयो। यस अवसरमा दार्जीलिङका अतिरिक्त जिल्ला अधिकारी, एसडीओ, पोलिंग अधिकारी तथा विभिन्न विभागहरूका प्रभारी अधिकारीहरूको उपस्थिति रहेको थियो। प्रशिक्षण कार्यक्रममा खरसांग , सिलगड़ी, कालेबुङ, नक्सलबारी अनि फाँसीदेवा क्षेत्रहरूबाट आएका अधिकारीहरूले सक्रिय रूपमा भाग लिएर चुनावी प्रक्रियासित सम्बन्धी महत्वपूर्ण जानकारी प्राप्त गरिएको छ।

**केन्द्र सरकार -एलपीजी उत्पादन -1**

केन्द्र सरकारले तेल प्रशोधन केन्द्रहरूलाई एलपीजी उत्पादन बढाउन र घरेलु प्रयोगको लागि अतिरिक्त ग्यास उपलब्ध गराउन निर्देशन दिएको छ। यो कदम हालको मध्यपूर्व एशियामा भूराजनीतिक तनाव र इन्धन आपूर्तिमा प्रतिबन्धको प्रकाशमा आएको हो। सामाजिक सञ्जाल पोस्टमा, पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले भनेको छ - सरकारले घरेलु उपभोक्ताहरूका लागि एलपीजी आपूर्तिलाई प्राथमिकता दिएको छ। भण्डारण र कालोबजारी रोक्न सिलिन्डर बुकिङ बीचको अन्तर २५ दिनमा बढाइएको छ।

पश्चिम एसियाको वर्तमान अवस्थालाई ध्यानमा राख्दै, सरकारले प्राकृतिक ग्यास उत्पादनलाई नियमन गर्न, आपूर्ति कायम राख्न, समान वितरण सुनिश्चित गर्न र प्राथमिकता क्षेत्रहरूको लागि प्राकृतिक ग्यासको उपलब्धता सुनिश्चित गर्न आवश्यक वस्तु ऐन, 1955 लागू गरेको छ। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयको सूचना अनुसार, घरेलु पाइपलाइन प्राकृतिक ग्यास आपूर्ति, यातायातको लागि CNG, LPG उत्पादन, पाइपलाइन कम्प्रेसर इन्धन, र आवश्यक पाइपलाइन सञ्चालन आवश्यक पर्ने अन्य क्षेत्रहरूको लागि प्राकृतिक ग्यास आपूर्तिलाई प्राथमिकता दिइएको छ।

**प्रधानमंत्री केरलम् भारमण**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि केरला र तमिलनाडुको भ्रमणमा जानुहुनेछ। दिउँसो १:३० बजे, प्रधानमन्त्रीले केरलाको एर्नाकुलममा लगभग 10800 करोड रुपियाँ बराबरका धेरै विकास परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ। त्यसपछि उहाँले तमिलनाडुको तिरुचिरापल्लीमा लगभग 5,650 करोड रुपियाँ बराबरका धेरै विकास परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ।

**नेपाल चुनाव परिणाम -1**

नेपालमा, प्रत्यक्ष मतदान - प्रथम पास्ट -द -पोस्ट प्रणाली अन्तर्गत 165 सिटको मतगणना सम्पन्न भएको छए र समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत गणना जारी छ।

प्रथम-पाष्ट-द-पोस्ट प्रणाली अन्तर्गतए राष्ट्रिय स्वतन्त्र पार्टीले 125सिटए नेपाली कांग्रेसले 18 सिटए एमाले 10 सिट र नेकपाले

8 सिट जितेको छ। राप्रपाले 1 सिटए श्रम संस्कृति पार्टीले 3 सिट र एक स्वतन्त्र उम्मेदवारले 1 सिट जितेको छ।
निर्वाचन आयोगले समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत खसेको मतको लगभग 90 प्रतिशत मत गणना पूरा गरेको छ। अहिलेसम्म 6 राजनीतिक दलहरूले समानुपातिक प्रतिनिधित्व सीमा पार गरेका छन्ए जसमा आरएसपी उल्लेखनीय अन्तरले अगाडि छ। समानुपातिक प्रतिनिधित्व सीमा पार गर्न कुनै दलले वैध मतको 3% मत प्राप्त गर्नुपर्छ। समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत कुल एक करोड़ नौ लाख सत्तातर हजार सात सय एघार मत खसेको थियो र समानुपातिक प्रतिनिधित्व सीमा पार गर्न तीन लाख सोल हजार एक सय अन्ठावन्न मत आवश्यक थियो।
निर्वाचन आयोगले अब राष्ट्रपतिलाई निर्वाचन प्रतिवेदन बुझाउनु पर्छ। त्यसपछि राष्ट्रपतिले ३० दिन भित्र प्रतिनिधि सभाको नयाँ अधिवेशन बोलाउनुहुनेछ। अधिवेशन सुरु भएपछिए सभाको सबैभन्दा ज्येष्ठ सदस्यले सबै निर्वाचित सदस्यहरूलाई पद र गोपनीयताको शपथ ग्रहण गराउनुहुनेछ।

**भारतीय जनता पार्टी दार्जिलिङ**

भारतीय जनता पार्टी दार्जिलिङ जिल्ला समितिका उपाध्यक्ष राजेन मुखियाले एक पत्रकार सम्मेलनको आयोजना गर्दै हालै सिलिगुडी भ्रमणको क्रममा राष्ट्रपति द्रौपदी मुर्मुलाई गरिएको अपमानको कठोर आलोचना गर्नु भएको छ।उहाले राष्ट्रपति जस्तो संबैधानिक पदमा रहनुहुने ब्यक्ति बिशेषलाई स्वागत गर्न मुख्यमन्त्री तथा अन्य क्याबिनेट मन्त्रीहरुको उपस्थिति नहुनु दुर्भाग्यपूर्ण रहेको तथा यसले आदिवासी समुदायप्रति पश्चिम् बंगाल सरकारको दृष्टिकोण अतिनै संकीर्ण रहेको पुष्टि भएको दाबी गर्नु भएको छ। श्री मुखियाले यसलाई पश्चिम बंगाल सरकारको अराजकताको संकेत दिनुभएको छ।

**न्युनतम मजदुरी**

न्युनतम मजदुरीको मांग गर्दै ईन्डियन गोर्खा जनशक्ति फ्रन्टको श्रमिक संगठन हाम्रो हिल तराई डुवर्स चिया श्रमिक संगठन ( एचएचटिसिएसएस),
ले आज खर्साङ बजार क्षेत्रमा पोस्टरिङ गरेको छ। चियाबारीमा खटिखाने श्रमिकहरुको न्युनतम मजदुरी अधिनियम लागू गर्न पर्ने , श्रमिकहरुको अन्य हक अधिकार बारे व्यापक पोस्टरिङ गर्दै गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन र राज्य सरकारको ध्यानाकर्षण गराएको जानकारी दिदै श्रमिक संगठनका केन्द्रीय उपाध्यक्ष अनिल राणाले आफ्नो मांगमा श्रमिक संगठन प्रतिबद्ध रहेको बताउनु भएको छ।

**मौसम विभाग - गर्मी अनुमान**

मौसम विभागले आज हिमाचल प्रदेशमा निकै गर्मी हुने र लू चल्ने भविष्यवाणी गरेको छ। गुजरातए कोंकणए गोवाए विदर्भ र राजस्थानमा पनि आउने दिनहरूमा लू चल्ने सम्भावना छ। मध्य महाराष्ट्र र मराठवाडामा दिनभरि तातो र आर्द्र मौसम रहनेछ। यसबाहेकए मौसम विभागले लद्दाख र जम्मू कश्मीरमा भारी वर्षाको भविष्यवाणी गरेको छ। बिहारए झारखंडए केरलाए माहेए पश्चिम बंगालको गंगाको किनारमा रहेका मैदानी क्षेत्रहरूए पश्चिम बंगालको हिमालयको फेदए सिक्किम र उत्तरपूर्वी राज्यहरूमा मेघगर्जन र चट्याङ हान्ने घटनाहरूको सम्भावना छ।

**सर्वोच्च न्यायालय-पश्चिम बंगाल एसआईआर**

सर्वोच्च न्यायालयले आज पश्चिम बंगाल सरकार र निर्वाचन आयोगलाई राज्यमा चलिरहेको मतदाता सूची विशेष गहन पुनरीक्षण-एसआईआरमा न्यायिक अधिकारिहरूलाई सबै प्रकारको सहायता प्रदान गर्ने निर्देश दिएको छ। मुख्य न्यायाधीश सूर्यकांत र न्यायमूर्तिहरू आर महादेवन अनि जॉयमाल्य बागचीको पीठले भनेको छ -एसआईआर प्रक्रियामा तैनात न्यायिक अधिकारिहरूले अहिले सम्म मतदाता सूचीबाट नाम नाम हटाइएको विरोधमा दायर 10 लाख 16 हजार आपत्तिहरू अनि दावीहरूमाथि सुनवाई गरेको छ। पीठले यो पनि भन्यो कि न्यायिक अधिकारिहरूको निर्णयहरूको समीक्षा आयोगका कुनै पनि प्रशासनिक अधिकारी द्वारा अपीलहरूमा गर्न सकिन्न। सर्वोच्च न्यायालयले यो पनि भनेको छ कि कोलकाता उच्च न्यायालयका मुख्य न्यायाधीश अपीलहरूमाथि सुनवाईका लागि पूर्व मुख्य न्यायाधीशहरू अनि उच्च न्यायालयका न्यायाधीशहरूको एक पीठ

गठित गर्न सक्ने छन्। न्यायालयले आयोगलाई एसआईआर प्रक्रियामा न्यायिक अधिकारिहरूको निर्णयहरू विरुद्ध अपीलहरूमाथि सुनवाईका लागि एक अपीलीय निकाय गठित गर्नका लागि अधिसूचना जारी गर्ने निर्देश पनि दियो। सर्वोच्च न्यायालय राज्यमा एसआईआर अभ्यास देखि संबंधित कैयन याचिकाहरूमाथि सुनवाई गरि रहेको थियो।

**********